चर्कंदै अमेरिका–चीन व्यापार युद्ध

एजेन्सी (बेइजिङ/वासिङ्टन)

अमेरिका र चीनबीचको आरोप-प्रत्यारोप बढेसँगै व्यापार युद्ध थप चर्किने देखिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीन बोइङ सम्झौताबाट पछि हटेको आरोप लगाउँदै वार्ता गर्ने-नगर्ने चीनको हातमा रहेको बताएका छन् ।

'बल चीनको कोर्टमा छ । चीनले हामीसँग सम्झौता गर्नुपर्छ । हामीले उनीहरूसँग सम्झौता गर्नु पर्दैन,' अमेरिकी राष्ट्रपति कार्यालय ह्वाइटहाउसकी प्रेस सचिव क्यारोलिन लेभिटले पढेर सुनाएको वक्तव्यमा उल्लेख छ, 'चीन र अन्य कुनै पनि देशबीच कुनै भिन्नता छैन, फरक यत्ति हो भूगोलका हिसाबले कुनै ठूला र कुनै साना छन् ।'

ट्रम्पले अमेरिकी उड्डयन कम्पनी बोइङसँगको ठूलो सम्झौताबाट चीन पछाडि हटेको बताएसँगै नयाँ चेतावनी आएको हो । ब्लुमबर्गको एक समाचार रिपोर्टअनुसार बेइजिङले एयरलाइन्सहरूलाई बोइङ कम्पनीका विमान नलिन आदेश दिइसकेको छ ।

ट्रम्पले वार्ताको टेबुलमा आउने कुरा बेइजिङमा निर्भर रहेको बताएपछि चीनले अमेरिकासँग व्यापार युद्ध लड्न 'नडराउने' चेतावनी दिएको छ । चिनियाँ विदेश मन्त्रालयका लिन जियानले अमेरिका वार्तामार्फत समस्या समाधानका लागि गम्भीर नभएको दाबी गरेका छन् ।

'यदि अमेरिका वास्तवमै संवाद र वार्ताका माध्यमबाट समस्या समाधान गर्न चाहन्छ भने उसले चेतावनी र ब्ल्याकमेलिङजस्ता अत्यधिक दबावको नीति रोक्नुपर्छ र समानता, सम्मान र पारस्परिक लाभका आधारमा चीनसँग वार्ता गर्नुपर्छ,' लिन जियानले भने । तर उनले वार्ताका लागि अमेरिकालाई पुन: आह्वानसमेत गरेका छन् ।

त्यस्तै, बुधबारको पत्रकार सम्मेलनमा बोल्दै, राष्ट्रिय तथ्यांक ब्युरो (एनबीएस) का उपआयुक्त सेङ लाइयुनले अमेरिकी करले चीनको वैदेशिक व्यापार र अर्थतन्त्रमा दबाब दिने बताए । चीनको अर्थतन्त्र लचिलो भएको र दीर्घकालीन रूपमा सुधार हुनुपर्ने उनको भनाइ छ । 'हामी आयात शुल्क र व्यापार धम्की दिने अमेरिकी अभ्यासको दृढतापूर्वक विरोध गर्छौं,' सेङले भने ।

अमेरिकी निर्णयले विश्व व्यापार संगठनको आर्थिक कानुन र सिद्धान्तको उल्लंघन गरेको उनको भनाइ छ । 'यसले विश्व आर्थिक व्यवस्थामा गम्भीर प्रभाव पार्छ र विश्व अर्थतन्त्रको पुन:प्राप्तिलाई कमजोर बनाउँछ,' उनले भने ।

यसै साताको सुरुमा चिनियाँ सरकारी सञ्चारमाध्यम चाइना डेलीको सम्पादकीयमा अमेरिकी व्यवहारलाई 'मनमौजी र विनाशकारी' भनेको छ । सम्पादकीयमा विश्वव्यापी व्यापारमा आफू पीडित भएकोमा गुनासो गर्न बन्द गर्नुपर्ने उल्लेख छ । 'अमेरिका कसैबाट ठगिएको छैन । बरु यो विश्वव्यापीकरणको रेलमा स्वतन्त्र सवारी गरिरहेको छ,' सम्पादकीयमा भनिएको छ ।

ट्रम्पले सुरुमा फेन्टानिल आपूर्ति शृंखलामा चीनको भूमिका रहेको दाबी गर्दै चीनबाट आयात हुने सामानमा कर लगाएका थिए । त्यसयता दुवै देश व्यापार युद्धमा होमिएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनबाट आउने धेरैजसो सामानमा थप १४५ प्रतिशत आयात कर लगाइसकेका छन् । बेइजिङले पनि अमेरिकी आयातमा प्रतिशोधात्मक १२५ प्रतिशत कर लगाएको छ ।

तर ट्रम्प प्रशासनले स्मार्टफोन र ल्यापटपजस्ता केही प्राविधिक उत्पादनहरूमा पछिल्लो कर वृद्धिबाट अस्थायी छुट दिएको छ । तर मंगलबार अमेरिकी राष्ट्रपति ट्रम्पले बल चीनको कोर्टमा रहेको बताएका छन् । त्यसको प्रतिक्रियामा लिनले भनेका छन्, 'यो कर युद्ध अमेरिकाले नै सुरु गरेको हो र चीनको अडान स्पष्ट छ कि कर युद्ध वा व्यापार युद्धमा कोही पनि विजेता हुँदैन । यसको मतलब, चीन युद्ध गर्न चाहँदैन । तर, परेको खण्डमा यसको सामना गर्न डराउँदैन ।'

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
हेटौंडा, मकवानपुर

बक्यौता कर दाखिला गर्ने बारे अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०१/०४)

यस कार्यालय अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लिखित करदाताहरुको लामो समयदेखि मूल्य अभिवृद्धि कर, आयकर, अन्त:शुल्क तथा अग्रीम करकट्टीको बक्यौता रहेको देखिएकाले बक्यौता रकम दाखिला गर्न कार्यालयबाट उल्लिखित करदाताहरुलाई पटक पटक पत्राचार/फोन सम्पर्क/संकलन भ्रमण/कार्यालयको फेसबुक पेजमा सूचना प्रकाशन गरिएकोमा हालसम्म पनि बक्यौता रकम दाखिला नगरेकाले बक्यौता रकम असुल गर्न बक्यौता रहेका करदाताहरुको नाममा सार्वजनिक जानकारीको लागि सूचना दिई सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र बुझाउनुपर्ने बक्यौता रकम दाखिला गर्नुहुन अथवा दाखिला गरिसकेको भए सोको प्रमाण पेश गर्नुहुन जानकारी गराउन र उक्त अवधिभित्र बक्यौता कर रकम दाखिला नगर्ने करदाताहरुलाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१, आयकर ऐन, २०५८ को दफा १०३ देखि १११ सम्म तथा अन्त:शुल्क ऐन, २०५८ को दफा १७ र २२ बमोजिम कानूनी कारबाहीको प्रक्रिया अपनाई बैंक खाता रोक्का, आयात निर्यात रोक्का, घरजग्गा रोक्का लगायतका कानूनी कारबाहीको प्रक्रिया अपनाई असूल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

सि.नं.	स्थायी लेखा नं.	फर्म/ कारोबारको नाम	ठेगाना	प्रोप्राइटर/सञ्चालन/साझेदार/जिम्मेवार व्यक्ति	बक्यौता किसिम
१	६०६५१६२७९	सेनुरिया हार्डवियर प्रा. लि.	कान्तीराजपथ-४,हेटौंडा	कल्पना कुमारी दास	आय कर
२	६०६८८३२५४	मौलाकाली सेल्स एण्ड बिल्डर्स प्रा.लि.	गौरीचोक-८,हेटौंडा	जय बहादुर तामाङ	आय कर
३	३००८८०२०३	प्रसिद्धिका कन्स्ट्रक्सन/प्रसिद्धिका सप्लायर्स/प्रशिद्धीका ढुवानी सेवा	ठूलोदमार-१८,हेटौंडा	ऋषी लाल श्रेष्ठ	मू.अ.कर/आयकर
४	६०५६७६२४८	नेपाल हार्डवेयर	पारिजातपथ-४,हेटौंडा	नागेन्द्र कुमार दास	मू.अ.कर/आयकर
५	६०६८८८१३०	बागमती बिन्दवासीनी कन्स्ट्रक्सन कम्पनी प्राइभेट लिमिटेड	सानोपोखरा-५,हेटौंडा	देव कृष्ण बिकल/ राजकुमार तिमलसिना/ जवाला हुमागाई	मू.अ.कर
६	३०६००४४३०	स्वच्छन्द । बानिया। नागार्जुन जे.भी.	सानोपोखरा-५,हेटौंडा	अनुप भट्ट	मू.अ.कर/आयकर
७	३०३६८३९८०	सुरज चांद हार्डवियर	हेटौंडा-४,हेटौंडा	धुपिन्द्र दास	मू.अ.कर/आयकर
८	३०३६८०६९५	माता सन्तोषी सप्लायर्स/माता सन्तोषी निर्माण सेवा	सिग्रेनी-१२,हेटौंडा	रामहरि अर्याल	मू.अ.कर/आयकर
९	६०४०२००२२	फिनिक्स डिष्टिलरी प्रा.लि.	भालुखोला, झल्ला-३, मकवानपुरगढी	रमिन्दर कौर	मू.अ.कर/आयकर
१०	६०००१५३५०	जनसेवा क्शर बालुवा उद्योग प्रा.लि.	सिमपानी-८,मनहरी	विष्णु प्रसाद ढकाल	मू.अ.कर/आयकर
११	३००२८२२१४	त्रिशक्ती पोलि प्याक्स (इ) प्रा.लि.	हेटौंडा औद्योगिक क्षेत्र-८, हेटौंडा	सरोज थापा	मू.अ.कर/आयकर
१२	६०७५५३०९५	ऋद्धिसिद्धी कस्मास्युटिकल्स/राजेश्वरी बायो फर्टिलाइजर्स	बिन्दबासिनी टोल-८, हेटौंडा	हृदय राज गौतम	मू.अ.कर/आयकर
१३	६०२२२५५१९	रमण । मृत संजिवनि जे.भी	शान्तीटोल-२,हेटौंडा	हरेराम पुडासैनी	मू.अ.कर/आयकर
१४	६०९५८०७५०	लकी सेभेन इन्कर्पोरेशन प्रा. लि.	सनान्टार-१९,हेटौंडा	प्रकाश लामा थोकर	मू.अ.कर/आयकर
१५	२०२६८२३०५	ए.वी. सप्लायर्स	हटिया-२१,हेटौंडा	अविनाश गजुरेल	मू.अ.कर/आयकर
१६	६०९७२३७५७	भैरव शिवशक्ति कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.	बसामाडी-३,हेटौंडा	दिपक घले	मू.अ.कर/आयकर
१७	३००१३८६९०	जनमुखी कन्स्ट्रक्सन कम्पनी प्रा. लि.	मेनरोड-१०,हेटौंडा	हरि कृष्ण विष्ट	मू.अ.कर/आयकर
१८	६०५०७४९३२	ई.एस. ईन्जिनियरिङ्ग	मयुरधाप-१४,हेटौंडा	दिनेश गोपाली	मू.अ.कर/आयकर
१९	३०३९०७७२३	मातृभूमी ग्लोबल एक्सप्रेस प्रा.लि.	मेनरोड-४,हेटौंडा	रामेश्वर भट्टराई	मू.अ.कर/आयकर
२०	६०११६८०५१	नारायणी यातायात व्यवसायी संघ	पारिजातपथ-४,हेटौंडा	हिरालाल श्रेष्ठ	मू.अ.कर
२१	६०२४५३८७५	हेटौंडा फेब्रिकेशन एण्ड ग्याल्भनाइजिङ्ग प्रा.ली.	हेटौंडा औद्योगिक क्षेत्र-८, हेटौंडा	नरेश पौडेल	मू.अ.कर
२२	३०१४८६८३९	एस.एच.ट्रेडर्स/शुभ ढुवानी सेवा	कान्तिराजपथ-४,हेटौंडा	हरि प्रसाद चौलागाई	मू.अ.कर
२३	६०६७५१८४१	कुलेखानी ड्यामसाईड होटल प्रा.ली.	सिम्लाङ-१,इन्द्रसरोवर	राजेश गोपाली	मू.अ.कर
२४	६१०३२५६९६	देवाधि ग्रुप अफ कम्पनी प्रा.लि.	कमाने -८,हेटौंडा	सुवाश फुयाल	मू.अ.कर
२५	६१०००५९४५	जय पादु सर्पोट सर्भिस प्रा.ली	कमाने-८,हेटौंडा	रमेश कुमार बढायोकी	मू.अ.कर
२६	६०६१७३२२१	श्री दुर्गा फेब्रिकेटर्स एण्ड इरेक्टर्स	दाबिले-१७,हेटौंडा	मियन शाह	मू.अ.कर
२७	६०४३४३९६५	पुर्णिमा फुड्स इण्डष्ट्रिज प्रा.ली.	बसामाडी-३,हेटौंडा	दिपक बर्तौला	मू.अ.कर
२८	६०६५९१४५८	कामना नेपाल प्रा.ली.	पिप्ले-५,हेटौंडा	सिताराम भट्ट क्षेत्री	मू.अ.कर
२९	६०७०३०४३९	बानिया । ओम साई जे.भी.	लट्टिनाथ मार्ग-५,हेटौंडा	हरिहर चौलागाइ	मू.अ.कर
३०	६०६६५३५८७	नयन पाषाण कन्स्ट्रक्सन प्राइभेट लिमिटेड	मेनरोड-४,हेटौंडा	सन्जिन न्यौपाने	मू.अ.कर
३१	६१३४०५३६४	रोहन किराना सप्लायर्स	शान्तिटोल-२,हेटौंडा	रामती कुमारी	मू.अ.कर
३२	६०३५५६५८४	प्रेमी इट्टा उद्योग प्रा.लि.	सिमले-१८,हेटौंडा	सुजन बानियाँ/ राम सुन्दर मारीखु/ कृष्ण भक्त के.सी./ आशा काजी थिके/ आभाष श्रेष्ठ	मू.अ.कर
३३	३०१४९१७३४	उपरा कन्स्ट्रक्सन	निबुवाटार-३,भिमफेदी	रविन बुढायोकी	मू.अ.कर
३४	३०१४९७६९७	मनहरी क्रसर उद्योग प्रा.लि.	सिम्पानी-८,मनहरी	रञ्जन कालाखेती	मू.अ.कर
३५	६०९७४७६६५	ए. जि. फुड प्रा. लि.	सिमेन्ट रोड-९,हेटौंडा	नवराज अधिकारी	मू.अ.कर
३६	६०२३८३९५८	एपेक्स इण्डष्ट्रीज	हेटौंडा औधौगीक क्षेत्र-८, हेटौंडा	सबिता ढकाल/ नारायण प्रसाद सापकोटा/ बनिता शर्मा पौडेल	मू.अ.कर
३७	६०६७७८६१३	अनुष्का इन्जिनियरिङ्ग डेभलपर्स प्रा.लि.	हुप्राचौर-४,हेटौंडा	खेम राज कडेल	मू.अ.कर
३८	६१२९६२१६९	एल ई डब्लु पि एल । एच एफ जि पि एल जे. भी.	एच आई डी-९,हेटौंडा	नरेश पौडेल	मू.अ.कर
३९	६१३०४५१७१	आयुषा लजिस्टिक सर्भिस	भैरव रोड, उज्ज्वल टोल-५,हेटौंडा	सागर सिलवाल	मू.अ.कर
४०	६०४९१६१८५	आर एस लाईफस्टाइल्स	पारिजातपथ-४,हेटौंडा	सुदीप मानन्धर	मू.अ.कर
४१	६०९७४९०५०	गंगा ढुवानी प्रा.ली	हुप्राचौर-४,हेटौंडा	सुरज देवकोटा	मू.अ.कर
४२	६००६१६६९२	शिवम प्याकेजिङ्ग इण्ड्रष्ट्रिज प्रा.लि.	कमाने-८,हेटौंडा	तारा नाथ चौलागाई	मू.अ.कर
४३	१०६८१५३४४	ॐ मोक्ष सप्लायर्स	जागरणपथ-७,हेटौंडा	सन्तोष चौलागाई	मू.अ.कर
४४	३००००७१८७	सीता आयल स्टोर्स	थानाभन्याङ्ग-११,हेटौंडा	वासुदेव तिमल्सिना	मू.अ.कर
४५	६०८४५७५९२	ओ. जे. इन्टरप्राइजेज	फापरबारी-८,वाग्मती	ज्योति माया सितान (घलान)	मू.अ.कर
४६	३०१४८३०५२	जम्बो इन्टरनेशनल	हेटौंडा-४,हेटौंडा	भगवती थापा	मू.अ.कर
४७	३०१४८२४३५	लट्टिनाथ निर्माण कम्पनी प्रा. लि.	सानोपोखरा-५,हेटौंडा	रवि कुमार श्रेष्ठ	मू.अ.कर
४८	६१२५६८६४४	नारायणी इम्पेक्स	भुटनदेवी रोड-४,हेटौंडा	राजनारायण साह/ किरण माझी	मू.अ.कर
४९	३००८७९८२१	नारायण सिंह राजपुत	कान्तिराजपथ-३,हेटौंडा	नारायण सिंह राजपुत	मू.अ.कर
५०	६१६१०२८५७	सरुन हार्डवियर एण्ड सप्लायर्स	थानाभर्याङ-११,हेटौंडा	बुद्ध राज लामा	मू.अ.कर
५१	६०९५१३२२४	दारिमबास क्सर बालुवा वासिङ एण्ड सप्लार्यस प्रा. लि.	दारिमबास-८,मनहरी	लिला राज सुनार	मू.अ.कर
५२	३००१३९१४३	मेनिसर्स सप्लायर्स एण्ड सेल्स	न्यूरेनी-७,हेटौंडा	किशोर अर्याल	मू.अ.कर
५३	६०१८५५५७१	जय बकैया कन्स्ट्रक्सन प्रा.ली.	हातिसुडे-३,बकैया	ताराचन्द्र बजगाई	मू.अ.कर
५४	६०६६०६०३१	तारा मोटर्स प्रा.लि.	मेनरोड-४,हेटौंडा	विजय श्रेष्ठ	मू.अ.कर
५५	३०१४८२५२५	श्री शुभम् स्टोर्स	हुप्राचौर-४,हेटौंडा	बिकास विष्ट	मू.अ.कर
५६	३०४६४७३२७	बिनायक आल्मोनियम वर्क्स	हेटौंडा-५,हेटौंडा	बद्री चौलागाइ	मू.अ.कर
५७	६१०७८२४८८	वि. एण्ड वि. इम्पेक्स	बौद्धचोक-२,हेटौंडा	उमेश दास बानिया/ किरण कुमारी दास	मू.अ.कर
५८	६१९८७९०१३	श्याम दर्शन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली	कुलेखानी-२, इन्द्रसरोवर	सुरज देवकोटा	मू.अ.कर
५९	६०११६२९९२	निशा सप्लायर्स	हेटौंडा-४,हेटौंडा	अशोक न्यासुर	मू.अ.कर
६०	६०८०१४९३३	श्रेयान ढुवानी सेवा	घ्याम्पे-१६,हेटौंडा	सुरेश आचार्य	मू.अ.कर
६१	६००६१९९३२	जेम्स सप्लायर्स	शान्तिपुर-८,वाग्मती	ओम बहादुर घलान	मू.अ.कर
६२	६०९९९२३६२	आयुषा मल्टि बिजनेस प्रा.ली	भैरव रोड-५,हेटौंडा	सागर सिलवाल	मू.अ.कर
६३	३०३६८१४७६	श्री माता लक्ष्मी एण्ड जनरल सप्लायर्स/श्री माता लक्ष्मी ढुवानी सेवा	बाइपास-१०,हेटौंडा	रविरंजन कुमार कलवार	मू.अ.कर
६४	६०६६८८१४७	मामा क्लोदिङ्ग एण्ड मल्टि स्टोर	कान्तिराजपथं-४,हेटौंडा	सुन्दर शेर्पा	मू.अ.कर
६५	२००५७९४४६	रोड एण्ड ब्रज कन्स्ट्रक्सन प्रा.लि.	नवलपुर-११,हेटौंडा	भरत कुमार हमाल	मू.अ.कर
६६	६०९६९१०६१	नाङसाल मेटल वर्कस् एण्ड कन्स्ट्रक्सन प्रा. लि.	बनेल धाप-१४,हेटौंडा	जिन बहादुर लोप्चन	मू.अ.कर
६७	६१४४१९००५	विवेक सप्लायर्स	रामधुनी-१८,हेटौंडा	विवेक पराजुली	मू.अ.कर
६८	६१३४०११२४	मित्र निर्माण सेवा	कोगटे टोल-७, भिमफेदी	उज्वल चौलागाई/ मित्र बन्धु सिजाली/ डा. सुन्दर कुमार/ नवराज अर्याल	मू.अ.कर
६९	६१९८५८४८७	होटेल सिस्नु प्रा.लि.	नवलपुर-११,हेटौंडा	अरुण कुमार दाहाल	मू.अ.कर
७०	६०६९०५५२९	एभरेष्ट जाभा हाउस	अजरअमर-४,हेटौंडा	संगम राई	मू.अ.कर
७१	११९३७३८९३	डि. एल. निर्माण सेवा	आनन्द टोल-१०, हेटौंडा	बिमला भोलन	मू.अ.कर
७२	३०४२३४२७५	स्वस्तिक क्रसर उद्योग प्रा.ली	ज्यामिरे-९,मनहरी	सरोज कुंवर	मू.अ.कर
७३	६१८२५५३५५	आरोही स: मिल	श्रीपुर-५,बकैया	शरद प्रसाद चौलागाई	मू.अ.कर
७४	३०१४७५३६७	स्पार्कल निर्माण सेवा	सानोपोखरा-५,हेटौंडा	पिताम्वर न्यौपाने	मू.अ.कर
७५	३००८८५३७२	भुटनदेवी सुरक्षा गार्ड आपूर्ति सेवा प्रा.लि.	चौकीटोल-२,हेटौंडा	पिताम्वर विडारी	मू.अ.कर
७६	६००६१७३८३	न्यू जेनिस इन्टरप्राइजेज	भैरवरोड-५,हेटौंडा	मिरा न्यौपाने	मू.अ.कर
७७	३०१४७८५८८	खनाल सप्लायर्स	चौघडा-६,हेटौंडा	श्याम प्रसाद खनाल	मू.अ.कर
७८	६०११६४९९८	थापा सप्लायर्स	हेटौंडा-७,हेटौंडा	खड्ग बहादुर थापा मगर	मू.अ.कर
७९	३०३९०७५६९	ताम्सालिङ्ग डि.एन. कन्स्ट्रक्शन	शिखरकटेरी-२,मकवानपुरगढी	धन बहादुर थिङ्ग	मू.अ.कर
८०	६००६१११६३	एस.एस.एस कस्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	हेटौंडा-६,हेटौंडा	सरोज गौतम	मू.अ.कर
८१	३०४२३२३२७	सिजन ट्रेडर्स	घ्याम्पे-१६,हेटौंडा	कृष्ण गरङ्जा मगर	मू.अ.कर
८२	३०४६०१४८८	टच पावर नेपाल	टि.सि.एन. रोड-१०, हेटौंडा	सुरज थापा	मू.अ.कर
८३	३००१३८८१२	कन्काई कलर ल्याब प्रा.लि.	महेन्द्रचोक-४,हेटौंडा	कविता आले मगर	मू.अ.कर
८४	३०१४८४२६४	अनमोल इन्टरप्राइजेज	पुष्पमार्ग-५,हेटौंडा	सुनिता कुमारी थापा	मू.अ.कर
८५	६००६१२५५५	जेनी सप्लायर्स	हटिया-१६,हेटौंडा	कृष्ण बहादुर थापा मगर	मू.अ.कर
८६	३०१४९४२७०	एस.एल.ट्रेडर्स	विसापानी-४,हेटौंडा	सोम बहादुर लामा	मू.अ.कर
८७	३००००७४९९	डेटा इन्जिनियरिङ वर्कशप	भैरवरोड-४,हेटौंडा न. पा.	नरेन्द्र बास्कोटा	मू.अ.कर
८८	३०१४८९६५८	गोकुल स्टोर्स	कान्तिराजपथ-२,हेटौंडा	युवराज चौलागाई	मू.अ.कर
८९	३००००७६८२	रसिक निर्माण सेवा	रोड नं. १-९,हेटौंडा	शिव हरि अधिकारी	मू.अ.कर
९०	३००१३८५४२	काजीलाल जनरल ट्रेडिङ्ग कम्पनी प्रा.लि.	मेनरोड-१,हेटौंडा	निर शंकर श्रेष्ठ	मू.अ.कर
९१	३०१४८२२७१	न्यु कन्चन इन्जिनियरिङ्ग वर्क्स	थानाभन्याङ्ग-११,हेटौंडा	उत्तम प्रसाद पौडेल	मू.अ.कर
९२	३०१४७९९३८	म्याट वर्ल्ड	समिलरोड-१०,हेटौंडा	अशोक जोशी	मू.अ.कर
९३	३०१४७७५१४	शुलभ ट्रेडर्स एण्ड जनरल अर्डर सप्लायर्स	क्याम्पस रोड-२,हेटौंडा	अर्जुन प्रसाद ढकाल	मू.अ.कर
९४	३००००७७६९	देवीका निर्माण सेवा	मच्छेडांडा, डांडाखोला-७, बूढीचौर गा.वि.स.	दुर्गा बहादुर बोम्जन	मू.अ.कर
९५	३००००७९४९	कालिका मेकानिकल ई.वर्क्स	वीरेन्द्रपथ-४,हेटौंडा	खिलादेवी सिलवाल	मू.अ.कर
९६	३०१४८५१०६	प्रतिध्वनी मिडिया प्रा.लि.	दामन-२,थाहा,	राम बहादुर बस्नेत	मू.अ.कर
९७	३०१४८२२२६	दुर्गा स्टील ईण्डष्ट्रिज	डबल शंकर पथ-४, हेटौंडा,	ममता राय/ तारा देवी बैद्य	मू.अ.कर
९८	३००२८३१२७	न्यू कर्माचार्य सप्लायर्स	पशुपतिनगर-९,हेटौंडा,	श्याम कर्माचार्य	मू.अ.कर
९९	३००१३९३७८	लाली गुराँस निर्माण सेवा	कमलडांडा-४,हेटौंडा,	कवि रेग्मी	मू.अ.कर
१००	३०१४७८३२४	राउत ट्रेडर्स	सानोपोखरा-५,हेटौंडा,	कृष्ण राज राउत	मू.अ.कर
१०१	३०४६०२०४७	गुरु नानक इन्टरप्राइजेज	चौघडा-६,हेटौंडा,	कृष्ण प्रसाद चौलागाई	मू.अ.कर
१०२	३००२८०७९७	सम्राट सेक्युरीटी गार्ड सप्लाई सर्भिस प्रा.लि.	रासीरोड-१,हेटौंडा,	शंकर सिलवाल	मू.अ.कर
१०३	३०१४७६८४९	हेटौंडा टेलिभिजन घर	कान्तिराजपथ-४, हेटौंडा,	प्रताप सिंह खड्का	मू.अ.कर
१०४	३००८७८१७२	डि डि इन्टरनेशनल	रासीरोड-१०,हेटौंडा,	दिनेश प्रसाद देव	मू.अ.कर
१०५	६००६२०१०५	बिजयेश्वर निर्माण सेवा	सातकन्ये-७, मकवानपुरगढी,	बुद्धी बहादुर रुम्बा	मू.अ.कर
१०६	३०१४९३४१५	राउत ट्रेडर्स	दाबिले-१७,हेटौंडा,	शंकर बहादुर राउत	मू.अ.कर
१०७	३०१४७४३२२	एस.ए. कन्स्ट्रक्सन	रासीरोड-१०,हेटौंडा,	आदर्श ढकाल	मू.अ.कर
१०८	३००२३९१४६	यति फाईनान्स कम्पनी लिमिटेड	मेनरोड-१०,हेटौंडा	धनश्याम शंकर शर्मा	आय कर
१०९	६०७१७६८९२	केयान्स कन्ट्रक्सन	शिखरपानी-१५,हेटौंडा	यादव डिम्डुङ्ग	आय कर
११०	३०१४७७१३८	ऋद्धि सिद्धि इन्टरप्राइजेज	कान्तिराजपथ-२,हेटौंडा	शारदा देवी अग्रवाल	आय कर
१११	३०६००४४५६	पप्पु । कोशी एण्ड न्यौपाने । शिवशक्ती जे.भी.	हुप्राचौर-४,हेटौंडा	बाबुराम पाठक	आय कर
११२	६००६१४३१३	नारायणी मल आचार्य प्लाजा प्रा.ली.	मेनरोड-४,हेटौंडा	नव राज आचार्य	आय कर
११३	६०४२५३१३२	मध्यमा बिल्डर्स प्रा.ली.	सरस्वती-११,हेटौंडा	हरी प्रसाद पौडेल	आय कर
११४	६०००१६८०३	बी.एन.एस. ट्रन्सपोर्ट सर्भिस/बि.एन.एस फुडस कृषि फार्म	हटिया-२,हेटौंडा	सुबिना सुवेदी	आय कर
११५	३०१४९३३३८	जि.वि.प्रोडक्ट एण्ड प्याकेजिङ्ग प्रा.लि.	बसामाडी-३,हेटौंडा	सुशिल प्रसाद सेनुरीया बानिया	आय कर
११६	६०७९९५७२५	रमण । शिवशक्ती जे.भी.	हुप्राचौर-४,हेटौंडा	बाबुराम पाठक	आय कर
११७	३०४२३०६४६	सन्तोष दाना भण्डार	बसामाडी-३,हेटौंडा	ओम बहादुर खड्का	आय कर
११८	६००६१८०८७	महिला सहयात्रा लघुवित्त वितीय संस्था	माझगाउ-९,थाहा	सुमित्रा मानन्धर गुरुङ्ग	आय कर
११९	६०७३०५३१५	न्यु भिजन निर्माण सेवा	गौरीटार-१५,हेटौंडा	सुरज देवकोटा	आय कर
१२०	६१२४१२१८५	एच. एल. फुड्स	बाईपास रोड-१०, हेटौंडा	सतीश कुमार केसरी	आय कर
१२१	३००२८१९३८	रारा कन्ट्रक्सन	भैंसेबजार-२, भिमफेदी	कन्हैया कृष्ण श्रेष्ठ	आय कर
१२२	३०६००४२३४	जेड आई ई सि । अनक । लुम्बिनी जे.भी.	एच.आई.डि.-८, हेटौंडा	अमृत कुमार महर्जन	आय कर

गायिका केटी पेरीसहितको टोली अन्तरिक्षबाट फर्कियो

फ्लोरिडा (एजेन्सी)- प्रख्यात पप गायिका केटी पेरीसहित ६ जना महिला अन्तरिक्षको भ्रमण सकेर पृथ्वीमा फर्किएका छन् । अर्बपति जेफ बेजसको कम्पनी ब्लु अरिजिनले बनाएको न्यु सेफर्ड रकेटमार्फत उनीहरू पर्यटकका रूपमा अन्तरिक्षमा गएका थिए ।

अन्तरिक्ष भ्रमणमा निस्किनेमध्ये पेरीसहित बेजसकी हुनेवाला श्रीमती लरेन सान्चेज, टेलिभिजन प्रस्तोता गेल किङ, नासाकी पूर्वकर्मचारी आयसा बोवी, नागरिक अधिकारकर्मी अमान्डा नुयेन र फिल्म निर्माता किरियान फ्लिन थिए ।

जम्मा ११ मिनेट लामो उडानको टिकट मूल्य स्पष्ट नखुलाए पनि १ लाख ५० हजार डलर अर्थात् हालको विनिमय दरअनुसार करिब २ करोड नेपाली रुपैयाँ रहेको विभिन्न अन्तर्राष्ट्रिय सञ्चार माध्यमले उल्लेख गरेका छन् । यसमा यात्रुहरूले पृथ्वीको आधा चक्कर लगाएका थिए । महिलाहरूको यो टोली पृथ्वीको सतहभन्दा १ सय किलोमिटर माथि, 'कर्मन लाइन' भनिने वायुमण्डलको आखिरी तह र बाह्य अन्तरिक्ष सुरु हुने स्थानभन्दा केही माथिसम्म पुगेका थिए ।

त्यस क्रममा उनीहरूले केहीबेर भारशून्य (वेटलेसनेस) महसुस गरेको प्रतिक्रिया दिएका छन् । यानभित्र हावामा झैं तैरिएको र पृथ्वीको आधा गोलाइसँगै अन्तरिक्षको अँध्यारोसमेत अवलोकन गर्न पाएको उनीहरूले बताएका छन् । अन्तरिक्ष यात्रामा डेजी फुल बोकेर गएकी गायिका पेरीले 'ह्वाट अ वन्डरफुल वर्ल्ड' बोलको गीतसमेत गाएकी थिइन् । वैज्ञानिक बोवीले वनस्पति विज्ञान र मानव शरीरसँग सम्बन्धित तीनवटा अनुसन्धान गर्न भ्याइन् ।

पश्चिमी टेक्ससको मरुभूमिबाट बिहान ९ बजे उडेका उनीहरू १० बजेर ५ मिनेटमा पुन: त्यहीं अवतरण गरेका थिए । ब्लु अरिजिनले अन्तरिक्षमा पर्यटक पठाएको यो ११ औं उडान थियो । पृथ्वीमा फर्किएपछि पेरीले जमिनमा घोप्टिएर चुम्बन गर्दै डेजी फुल उडाएकी थिइन् । डेजी उनको छोरीको नामसमेत भएको बीबीसीले खुलाएको छ ।

'महिला यात्रुहरू मात्रै सम्मिलित यस्तो अन्तरिक्ष यात्रा यसअघि ६० वर्षअघि भएको थियो,' बीबीसीको समाचारमा भनिएको छ, 'त्यो बेला सोभियत कस्मोटन (अन्तरिक्षयात्री) भ्यालेन्टिना तेरेस्कोवस्की एक्लैले अन्तरिक्ष यात्रा गरेकी थिइन् । अन्तरिक्षको एकल यात्रा गर्ने उनी पहिलो महिला पनि हुन् ।' उनी वस्तक ६ नामक यानमार्फत अन्तरिक्षमा गएकी थिइन् ।

पछिल्लो समय अन्तरिक्ष पर्यटनको अवधारणा विकास हुने क्रममा छ । इन्डियन एक्सप्रेसका अनुसार २०२३ मा अन्तरिक्ष पर्यटनको बजार ८४८.२८ अर्ब डलर थियो । २०३२ सम्ममा यो बढेर २७,८६१.९९ अर्ब डलर पुग्ने अनुमान गरिएको छ । सन् २००१ देखि २०२२ सम्म करिब ६३ जना व्यक्तिलाई अन्तरिक्ष पर्यटकका रूपमा गणना गरिएको छ । स्पेस एक्स, ब्लु अरिजिन, भर्जिन ग्यालेक्टिकलगायत कम्पनीहरूले यस्तो साहसिक पर्यटनअन्तर्गत यस्तो नयाँ सुविधा प्रदान गर्दै आएका छन् ।

वर्गीकृत डिस्प्ले

TEACHERS WANTED
Science Teacher- Primary -1
English Teacher- L. Sec. -1
Game Teacher-1
Candidates must have fluency in English and Nepali language. Experienced candidates will be given first priority.
A.I. Secondary School
Satungal, Naikap, Ktm.
Contact: 9851098653

आवश्यकता
कमशिल कन्स्ट्रक्सन इन्टरप्राईजेज PVT.LTD को लागी मेनेजरको आवश्यकता Bachelor (BBA,BBS) Exp: in related field and masters is prefered
समय : 10 AM-6 PM
मोटरसाईकलको लाईसेन्स अनिवार्य ।
तलब : ३०,००० बाईक,कमिसन,भत्ता र अन्य सुविधाको व्यवस्था।
स्थान: बालाजु, काठमाण्डौं
सम्पर्क : 9801800153 9851189519

आवश्यकता
एक प्रतिष्ठित सहकारी संस्था काठमाडौं टेकुको लागि विभिन्न पदका कर्मचारी आवश्यकता भएकोले इच्छुक उम्मेदवारहरुले सम्पर्क गर्नुहोला ।

पद	संख्या	तलब
व्यवस्थापक	१	६०,०००
अनुभव: ५ वर्ष काम गरेको (Qualification: Bachelors Pass)		
मार्केटिङ सुपरभाइजर	२	२५,०००
रिसेप्सनिष्ट	२	२३,०००
मार्केटिङ	५	१५,०००

Please mail your CV @ vacancyteku@gmail.com
सम्पर्क: ०१-५३६६३४७, ५३६६३४८

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रु. ३०००/-*
स्पट कलर: रु. ३५००/-*
मल्टि कलर: रु. ५०००/-*

घर बिक्रिमा

गाडि बिक्रिमा

जग्गा बिक्रिमा
सम्पर्क नं. ५९३५०००, ५९३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दरहरुमा मूल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।